annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४ पृष्ठ ८ | काठमाडौं, बिहीबार ३ जेठ २०८१ | वैशाख शुक्लपक्ष अष्टमी, नेपाल संवत् ११४४ | THURSDAY, MAY 16, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# ‘रूपान्तरणकारी रणनीति’ सहितको १६औं योजना

सुशासन, सामाजिक न्याय र समृद्धि कायम गर्ने उद्देश्यले आगामी ५ वर्षका लागि राष्ट्रिय योजना आयोगले महत्वकांक्षी लक्ष्यसहित १६औं पञ्चवर्षीय योजना ल्याएको छ । आर्थिक वर्ष (आव) २०८१/८२ देखि २०८५/८६ समयावधिमा विशेष गरेर रोजगारी र उत्पादन वृद्धिलाई प्राथमिकता दिइएको छ ।

**ममता थापा** | *काठमाडौं*


**– को रिपोर्ट**

समाचार पृष्ठ २


### १६औं योजनाको समृद्धिका राष्ट्रिय लक्ष्यहरू

| क्र.सं. | सूचक | एकाइ | २०७९/८० को स्थिति | २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ३.९८ | ७.३ |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६८ | २४१३ |
| ३ | गरिबीको रेखामुनि रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.३ | १२.० |
| ४ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ७.७ | ५.० |
| ५ | मानव विकास सूचकांक | सूचकांक | ०.६०१ | ०.६५० |
| ६ | मानव सम्पत्ति सूचकांक | सूचकांक | ७६.३ | ७८.० |
| ७ | आर्थिक तथा वातावरणीय जोखिम सूचकांक | सूचकांक | २९.७ | २४.० |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७३.० |
| ९ | ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थामा पहुँच भएको परिवार | प्रतिशत | ७७ | ९० |
| १० | उच्च मध्यमस्तरको खानेपानीमा पहुँच भएको घरपरिवार | प्रतिशत | २५.८ | ४५ |
| ११ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५.० |
| १२ | बेरोजगारी दर | प्रतिशत | ११.४८८ | ५.० |
| १३ | श्रम उत्पादकत्व | रु. हजारमा | २४५ | २७५ |
| १४ | सडक घनत्व | प्रति व.कि.मि. | ०.६३ | ०.७७ |
| १५ | विद्युत् उत्पादन (जलविद्युत् तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | २९६२ | ११,७६९ |
| १६ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| १७ | विद्युत्मा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.७ | १०० |
| १८ | इन्टरनेटमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | ९०.० |
| १९ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रतिहेक्टर | ३.३ | ३.७ |
| २० | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |

कुल ग्रार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आय




कुल ग्रार्हस्थ्य उत्पादनको संरचना




## निर्माणका समस्या हल गर्न सरकार गम्भीर हुनुपर्छ



**मानव बम**

इजलास

नेपालमा निर्माण व्यवसायीका समस्या समाधान गर्न सरकार गम्भीर भएन। सरकारले पुँजीगत बजेट खर्च गर्ने क्षमता वृद्धि नगर्दा बजेट खर्च नहुने, निर्माण सम्पन्न भएका आयोजनाहरूको पनि समयमै भुक्तानी नदिने समस्याले नेपालको निर्माण क्षेत्र निकै जोखिममा छ। यसलाई समयमै सुधार गर्न सकिएन भने आर्थिक हिसाबले मुलुक थप जटिल मोडमा पुग्ने अवस्था छ। निर्माण व्यवसायीले यसअघि पनि पटक-पटक आन्दोलन गर्दै सरकारसँग विभिन्न सम्झौतासमेत गरेका छन्। तर, तिनको कार्यान्वयनमा भने सरकार उदासीन देखिँदै आएको छ।

कुनै पनि विकास निर्माणका योजनाहरूमा सरकारी संरचना र नीतिकै कारण समयमै काम नहुने, काम भइरहेका बेला अवरोध हुने जस्ता कारण निर्माण आयोजनामा लागत बढ्ने समस्या त छदैछ। वृद्धि भएको लागतमा निर्माण व्यवसायीले घाटामा काम गर्दा पनि समयमै भुक्तानी नदिँदा मजदुरहरूले समेत ज्याला नपाउने, व्यवसायीलाई बैंकले समस्यामा पार्ने जस्ता कारणले मुलुकको आर्थिक समृद्धिमा बाधा पुगेको छ। मुलुकको पूर्वाधार निर्माणका लागि निर्माण व्यवसायी महत्वपूर्ण अंग हुन्। त्यसो हुँदा तिनले भोगेका समस्यालाई उचित सम्बोधन गर्नु आवश्यक छ। समग्र निर्माण व्यवसायलाई नै समस्यामा पार्ने र अविश्वास गर्ने काम भने राज्यले गर्नुहुँदैन। नेपालमा सार्वजनिक खरिद ऐन र विनियममा थुप्रै समस्या छन्।

निर्माण क्षेत्रमा देखिएका विकृतिलाई अन्त्य गर्न व्यवसायी र सरकारबीच छलफल गरी कुन-कुन कुरा गर्न सकिने हो वा होइन भन्नेबारे स्पष्ट हुँदै काममा जुट्नु आवश्यक छ।

*(बम निर्माण व्यवसायी महासंघ, कर्णाली प्रदेशका अध्यक्ष हुन्।)*

## राजनीति झन् असमझदारीतर्फ

**अन्नपूर्ण** | *काठमाडौं*

- मुद्दा खेपेका, भ्रष्टाचारी, अपराधीहरूलाई कांग्रेसले अघि सारेर नाराबाजी लगाएको छ

उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सहकारी ठगी अभियोगमा छानबिन समिति बनाउनुपर्ने कांग्रेसको अडानका कारण सिर्जित समस्यालाई लिएर बुधबार दिनभर राजनीतिक गतिविधि भएका छन्। यसले आरोप-प्रत्यारोपको शृंखलासमेत सुरु भएको छ।

**ओलीले भने, ‘कांग्रेसको दादागिरी चल्दैन’**

एमाले अध्यक्ष केपी ओलीले यसलाई लिएर कांग्रेसको दादागिरीमा संसद् बैठक नचल्ने बताएका छन्।

‘कांग्रेसका साथीहरूले एमालेका नेतामाथि मर्यादाहीन ढंगले आरोप लगाएका छन्,’ एमाले संसदीय दलको बुधबारको बैठकमा ओलीले भने, ‘केसम्म सुनिएको छ भने संसद् चल्न नदिएको एमालेले गर्दा हो रे!’

कांग्रेसप्रति आक्रोश पोख्दै ओलीले भने, ‘कांग्रेसको दादागिरी चल्ने ठाउँ होइन संसद्। संसद् विधि र प्रक्रियाले चल्छ, लोकतान्त्रिक तरिकाले चल्नुपर्छ।’ फलानो व्यक्ति अपराधी हो भनेर तोक्न कांग्रेस कुनै न्यायाधीश नभएको ओलीको भनाइ थियो। ओलीले भने, ‘सांसद्हरूले बोल्नै नपाउने, लोकतन्त्र भन्न अप्ठेरो लाग्दैन कांग्रेसलाई ? कसैमाथि आरोप लगाइएपछि त्यो सांसद् र माननीयले बोल्न पाउनुपर्छ, व्यक्ति तोकेर यस्तो संसदीय अभ्यास होइन। राजनीतिक अभिष्ट पूरा भएन, स्वार्थ पूरा भएन भने अर्को अपराधी भइहाल्ने? आफूतर्फ फर्किएन भने अपराधी भइहाल्ने?’

मुद्दा खेपेका, भ्रष्टाचारी, अपराधी हो भनेर अदालतले फैसला गरेका सांसद्हरूलाई अघि सारेर कांग्रेसले संसद्मा नाराबाजी गरेको भन्दै ओलीले अगाडि भने, ‘कांग्रेसका भ्रष्टाचारमा आरोपी ठहरिएका मान्छेलाई नाराबाजी गर्ने, अर्को जसमाथि कुनै मुद्दा छैन उचाहिँ भ्रष्टाचारी हो छानबिन आयोग गठन गर रे!’

उनले गिरीबन्धु टी-स्टेटका विषयमा आएको फैसला अपरिपक्क भएको भन्दै आफूहरूले यसमा कानुन बनाउने काम मात्र गरेको प्रष्ट पार्दै भने, ‘५१ र १९ गरेर ७० बिघा जमिन कमिसन खाएर बेच्न दिएको कुरा यसमा समावेश हुनुपर्ने भएको छैन।’

» बाँकी पृष्ठ ६

